गोसाईंकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

स्याफ्रुबेंशी, रसुवा

बागमती प्रदेश,नेपाल

## रोजगार संयोजकको पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति:- २०७७/०५/१०

**सूचना नं. ०३/२०७७/०७८**

प्रस्तुत बिषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को पत्रानुसार यस गोसाईकुण्ड गाउँपालिकाको रोजगार सेवा केन्द्रमा रही कामकाज गर्नका लागि आवश्यक रोजगार संयोजकको पद करारमा पूर्ति गर्नु पर्ने भएको हुँदा निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नु हुन अनुरोध छ ।

| क्र.स. | बिज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०३/०७७-७८ | रोजगार संयोजक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव**

क. कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको

ख. दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

ग. भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको

**२. दरखास्त दिने स्थान**:- गोसाईकुण्ड गाउँपालिकाको कार्यालय,स्याफ्रुबेसी, रसुवा

**३. दरखास्त दिने अन्तिम मिति**:- २०७७/०५/२४ (कार्यालय समय भित्र) अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुल्ने पहिलो दिनको कार्यालय समयभित्र ।

**४. आवेदन दस्तुर**:- रु. ४०० (चार सय रुपयाँ मात्र )

**५. आवेदन साथ संलग्न कागजातहरु:-** योग्यता वा अनुभवका प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार स्वयंको हस्ताक्षर सहित प्रमाणित गरी **रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६** को अनुसूची -१ बमोजिमको दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**६. छनोटको किसिम**:- दरखास्त दिने अन्तिम मिति समाप्त भएको मितिले दश दिन भित्रमा योग्य भएका आवेदकहरु मध्येबाट तोकिएको संख्यामा प्रारम्भिक योग्यताक्रमको सूची यस कार्यालयको वेवसाइट र सूचनापाटी दुबैमा प्रकाशन गरिने र उम्मेदवारहरुलाई सोको जानकारी इमेल, एस.एम.एस वा टेलिफोन मार्फत समेत गराइनेछ । प्रारम्भिक योग्यताक्रमको सूचीसँगै छनौटको लागि हुने लिखित परीक्षा (५० पूर्णाङ्कको सेवा सम्बंन्धी विषय र ५० पूर्णाङ्कको कम्प्युटर सम्बन्धी विषयको छुट्टा छुटै परीक्षा) को मिति, समय र स्थान समेत तोकिनेछ । छनौट परीक्षाको पाठ्यक्रम **रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६** को दफा ९ मा तोकिएको छ ।

**७. पदले सम्पादन गर्नुपर्ने कर्यविवरण र सेबा सुबिधा:-** रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ (www.pmep.gov.np मा उपलब्ध छ) बमोजिम हुनेछ।

८. थप जानकारीको लागि यस कार्यालयको फोन नं. **०१०५४१०८८** मा सम्पर्क राख्न सकिनेछ ।

२०७७/५/१०

देवीलाल सापकोटा

प्रमुख प्रशासकीय अधिकृत